आज मिति २०८१ चैत ८ गते शुक्रबारका दिन यस लिखु पिके गाउँपालिकाका अध्यक्ष श्री मिना कार्की (बस्नेत) को अध्यक्षतामा तपशील बमोजिमको कार्यपालिका सदस्यको उपस्थितिमा चालु आ.व. २०८१/०८२ को चौधौं गाउँ कार्यपालिकाको बैठक बसि निम्नानुसारको निर्णय गरियो:

उपस्थिति:

| क. सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री मिना कार्की बस्नेत | अध्यक्ष | (हस्ताक्षर) |
| २ | श्री डवाङ ल्हाक्पा शेर्पा | उपाध्यक्ष | (हस्ताक्षर) |
| ३. | श्री मिङ्मार गेल्जे शेर्पा | १ नं. वडा अध्यक्ष | (हस्ताक्षर) |
| ४. | श्री मणिराज बस्नेत | २ नं. वडा अध्यक्ष | (हस्ताक्षर) |
| ५. | श्री ध्रुव बहादुर बस्नेत | ३ नं. वडा अध्यक्ष | (हस्ताक्षर) |
| ६. | श्री हिक्मत बहादुर बस्नेत | ४ नं. वडा अध्यक्ष | (हस्ताक्षर) |
| ७. | श्री डिमाछिरी लामा | ५ नं. वडा अध्यक्ष | |
| ८. | श्री सोममाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ९. | श्री शोभादेवी लामिछाने | कार्यपालिका सदस्य | शोभा |
| १०. | श्री सविता वि.क. | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| ११. | श्री चित्रमाया वराईली | कार्यपालिका सदस्य | चित्र |
| १२. | श्री निर कुमार वि.क. | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| १३. | श्री मान बहादुर भुजेल | कार्यपालिका सदस्य | मान |
| १४. | श्री अग्नी प्रसाद पराजुली | सचिव | (हस्ताक्षर) |
| १५. | गोविन्द बस्नेत | स.क.अ. | (हस्ताक्षर) |

प्रस्तावहरु

१ विगत बैठकको समीक्षा।

२ राष्ट्रपति सन्देशपत्र वितरण सम्बन्धमा।

३ एस.ई.ई. पासका सहभागी विद्यार्थीलाई प्रोत्साहन सम्बन्धमा।

४ एस.ई.ई. परीक्षा सञ्चालन कक्ष व्यवस्थापन सम्बन्धमा।

५ सोलु साफ्टईन संस्थाको अधिवेशन सहयोग सम्बन्धमा।

६ आर्थिक सहायता सम्बन्धमा।

७ कक्षा ८ को ग्राजुएसन जोल्नी सम्बन्धमा।

८ सेक्रेट एरोमा कृषि फार्मलाई सिन्चाइ पानीको सम्बन्धमा।

९ प्रधिलो मजेलयोल तहको रोलेक्स सम्बन्धमा।

१० ओडो खोला इनर्जी पावर कम्पनी लाई प्रमाणपत्र अध्ययन अनुमति सम्बन्धमा।

१. प्रस्ताव नम्बर १ उपर छलफल गर्दा मिति २०८१ फागुन २२ गते बसेको तेह्रौ कार्यपालिका बैठकमार्फत भएका निर्णयहरु के कति कार्यान्वयन भए र के कति भएनन् ? नहुनुका कारण के के हुन भनेर व्यापक छलफल गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नम्बर २ उपर छलफल गर्दा बिगतमा राष्ट्रिय परिचय पत्र जिल्ला प्रशासन कार्यालयबाट नै वितरण भई रहेकोमा अब देखी यस गाउँपालिकाका वडाहरुबाट नै राष्ट्रिय परिचय पत्र वितरण गर्ने निर्णय गरियो।

३. प्रस्ताव नम्बर ३ उपर छलफल गर्दा यस लिखु पिके गाउँपालिकाका ३ वटै विद्यालयहरुबाट एस.ई.ई. परीक्षामा जम्मा ९० जना विद्यार्थी सहभागी रहेका हुँदा उक्त परीक्षामा सहभागी विद्यार्थीहरुलाई प्रोत्साहन गर्न प्रति विद्यार्थी रु. ५००/- (पाँच सय) का दरले जम्मा रकम रु. ४५,०००/- (पैतालिस हजार) भुक्तानी गरि प्रदान गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नम्बर ४ उपर छलफल गर्दा मिति २०८१ चैत ७ गतेबाट शुरु भएको एस.ई.ई. परीक्षाको सञ्चालन तथा व्यवस्थापनमा लाग्ने खर्च रु. ५०,०००/- (पँचास हजार) गाउँपालिकाबाट भुक्तानी दिने निर्णय गरियो ।

५. प्रस्ताव नम्बर ५ उपर छलफल गर्दा सोलु सांस्कृतिक संघको मिति २०८१/१२/०९ गते हुने जिल्ला अधिवेशनको लागि रु. २५,०००/- ( पच्चिस हजार) दिने निर्णय गरियो ।

६. प्रस्ताव नम्बर ६ उपर छलफल गर्दा यस लिखु पिके गाउँपालिका वडा नम्बर ३ चौलाखर्क बस्ने श्री टंक बहादुर वि.क. तथा दिलमाया वि.क.को वर्ष १० को छोरी बिनिता वि.क. लाई उपचार खर्चवापत रु. ५०,०००/- (पँचास हजार) आर्थिक सहायता दिने निर्णय गरियो ।

७. प्रस्ताव नम्बर ७ उपर छलफल गर्दा यस लिखु पिके गाउँपालिका वडा नम्बर २ का विभिन्न सडकहरुको ग्याबिन वाल निर्माणका तपशिल बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| क्र. सं. | योजनाको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १. | मेस्की कुल बहादुर थापा मोड ग्याबिन वाल निर्माण | १,००,०००/- (एक लाख) | |
| २. | तल्लो मेस्कि ग्याबिन भर्नको लागि | ६५,०००/- ( पैसट्ठि हजार) | |

८. प्रस्ताव नम्बर ९ उपर छलफल गर्दा एकिकृत एग्रो कृषि फार्मलाई सिंचाईका लागि रु. २,००,०००/- ( दुई लाख) विनियोजन गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नम्बर ९ उपर छलफल गर्दा यस लिखु पिके गाउँपालिका वडा नम्बर १ को दुदिले भुजेल टोल सडक सोलिङ गर्नका लागि रु. ५०,०००/- (पँचास हजार) विनियोजन गर्ने निर्णय गरियो।

१०. प्रस्ताव नम्बर १० उपर छलफल गर्दा ओडारे खोला ईनर्जी प्रा.लि. द्वारा यस लिखु पिके गाउँपालिका वडा नम्बर ५ मा रहेको मार्बु खोलामा ९८५ कि.वा. को विद्युत आयोजनाको सम्भाव्यता अध्ययन गर्नका लागि गाउँपालिकामा अनुमति माग गरेको हुँदा उक्त ओडारे खोला ईनर्जी प्रा.लि. लाई सर्वेक्षणका लागि अनुमति पत्र दिने निर्णय गरियो ।